नेपाल सरकार
रक्षा मन्त्रालय
नेपाली सेना

पूर्वी पृतना हे.क्वा.
इटहरी ब्यारेक, सुनसरी ।

☎ :- ०२५-५८४९३३
फ्याक्स :- ०२५-५८३५०७

मिति:२०७५/०८/१० गते ।

प.स: १४६२६/लेखा/१८/०७५/७६/

श्री जयमाता मनोकामना सप्लायर्स,
प्रो.राजेन्द्र शाह ।
धरान-४, सुनसरी ।

<u>खरिद सम्झौता गर्न उपस्थित हुने सम्बन्धमा</u>

१. उपरोक्त सम्बन्धमा यस पृतना हे.क्वा.तथा राशन समुहमा आबद्ध सुनसरी जिल्ला स्थित नेपाली सेनाका युनिटहरुको लागि आ.व.०७५/७६ को २०७५ साल माघ १ गतेदेखि २०७६ साल पौष मसान्ततक् वर्ष-१ (एक) को निमित्त आवश्यक पर्ने साधारण राशन/बिरामी डाईट राशन र रा.नि.तर्फको राशन समेतको ठेक्का बन्दोबस्तको सिलसिलामा गठित खोलुवा समितिबाट खोलुवा गरि बोलपत्र मुल्याङ्न समितिबाट मुल्याङ्न गर्दा रितपुर्वक र न्युनतम मुल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही ठहर भएको त्यस जयमाता मनोकामना सप्लायर्स, धरान-४, सुनसरी (प्रो.राजेन्द्र शाह) को साधारण राशन तर्फ प्रति दिन प्रति व्यक्ति रु.११६।७५६, राष्ट्रिय निकुञ्जको राशन तर्फ प्रति दिन प्रति व्यक्ति रु.११९।००४५ र बिरामी डाईट राशनतर्फ २६ आईटमको प्रति दिन रु.२१७।२८ अर्थात साधारण राशन तर्फ वार्षिक कबोल अंक (मु.अ.कर बाहेक) रु.७,९३,०८,२६४।३४ (सातकरोड त्रियानब्बेलाख आठ हजार दुईसय चौसठ्ठी र पैसा चौतीस), रा.नि.तर्फको राशनतर्फ वार्षिक कबोल अंक (मु.अ.कर बाहेक) रु.७६,०१,४१२।४३७५ (छयहत्तरलाख एकहजार चारसय बाह्र र पैसा चार तीन सात पांच) र बिरामी डाईट राशन तर्फ वार्षिक कबोल अंक (मु.अ.कर बाहेक) रु.८,८१,५३४।८८ (आठलाख एकासीहजार पांचसय चौतीस र पैसा अठासी) समेत कुल जम्मा कबोल अंक मु.अ.कर बाहेक रु.८,७७,९१,२११।६५ (आठ करोड सतहत्तरलाख एकानब्बेहजार दुईसय एघार पैसा पैसठी) कबोल भएको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (३) र ऐ.नियमावली २०६४ को नियम ६७ को उपनियम (१) को खण्ड (घ) बमोजिम यस पृतना हे.क्वा.का पृतनापतिज्युबाट मिति २०७५/०८/१० गते स्वीकृत भएको व्यहोरा अनुरोध ।

२. साथै, त्यस सप्लायर्सले कबोल गरेको मु.अ.कर सहितको वार्षिक कुल रकम रु.९,९२,०४,०६९।७ (नौ करोड बयानब्बे लाख चार हजार उनन्सत्तरी पैसा सत्र) को ५ प्रतिशत तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (४) बमोजिम लागत अनुमान भन्दा १५ प्रतिशत भन्दा बढी घटेर कबोल गरेको हुदा जम्मा रकम रु.१,९५,३०,०००।०० (एक करोड पन्चानब्बे लाख तीस हजार रुपैयां) मात्र नेपाल राष्ट्र बैकबाट "क" वर्गको वाणिज्य बैकले मिति २०७५ माघ १ गतेबाट लागु हुने गरी जारी गरेको कम्तिमा १३ (तेह्र) महिना मान्य अवधि भएको कार्य सम्पादन जमानत सहित मिति २०७५/०८/२४ गते भित्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा ४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (सशोधन सहित) को नियम ११० को उपनियम (१), (२), (३) र (४) बमोजिम पेश गरि खरिद सम्झौताको लागि यस पृतना हे.क्वा.मा उपस्थित हुन अनुरोध गरिन्छ ।

३. उपरोक्त बमोजिम कार्य सम्पादन जमानत पेश नगरी तोकिएको समयमा सम्झौता (न) नगर्ने भएमा तपाईले बोलपत्र साथ पेश गरेको बोलपत्र जमानत जफतको लागि कारवाही अगाडी बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

(समीर खाती)
उपरथी
पृतनापति

बोधार्थ:
श्री सार्वजनिक खरिद अनुगमन कार्यालय, काठमाण्डौ ।
श्री प्रबन्धरथीको कार्यालय, जङ्गी अड्डा ।
श्री आपुर्ति तथा परिवहन निर्देशनालय, जङ्गी अड्डा ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, इनरुवा, सुनसरी ।